OPEN MIC NEPAL
Listen. Verify. Report

अङ्क २८
माघ ११, २०७२

ओपन माईक नेपाल बुलेटिनको अठ्ठाइसौँ अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरु तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरू, सञ्चार माध्यम र स्थानीय समूदायलाई सहि सूचना पुऱ्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरू र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरूलाई उपलब्ध गराउनु र उनीहरु मार्फत समूदायमा रहेका अस्पष्टता हटाउनु हाम्रो ध्येय हो।


## हल्ला

### पुरानागाउँ, रामेछाप

"सरकारले माघ २ गतेबाट घर बनाउने काम शुरु गऱ्यो रे।"

### तेस्रेगाउँ, काभ्रेपलाञ्चोक

"माघ महिनाबाट सरकारले घर पुनर्निर्माण कार्य शुरु गर्छ रे।"



## यथार्थ

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले 'पुनर्निर्माण महाअभियान'को माघ २ गते औपचारिक रुपमा उद्घाटन गरेको हो। घर पुनर्निर्माण कार्य त्यस दिन शुरु भएको होइन। प्राधिकरण अहिले भूकम्प पछिको पुनर्निर्माण तथा पुनर्स्थापना योजनालाई अन्तिम रुप दिने जस्ता पुनर्निर्माणका लागि चाहिने आवश्यक तयारी गरिरहेको छ।

प्राधिकरण वा सरकारको अरु कुनै निकायले भूकम्पबाट प्रभावित परिवारको लागि घर निर्माण गर्दैन। प्राधिकरणले घर निर्माणको लागि मद्धत गर्न दुई लाख सम्मको अनुदान प्रदान गर्नेछ।

प्राधिकरणद्वारा तयार पारिएको कार्य योजना अनुसार वैशाख १२ बाट नीजि घरहरूको पुनर्निर्माणका लागि सहयोग कार्य शुरु हुनेछ।

गैरसरकारी संघसंस्थाले परिवारका लागि घर निर्माण गरिदिन वा निर्माण गर्न मद्धत गर्न सक्दछन्। तर, संघसंस्थाको सहयोग लिएकाहरूले सरकारबाट अनुदान पाउने छैनन्।

ध्रुव प्रसाद शर्मा
कार्यकारी समिति सदस्य
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
९८५११६५०००

# सवाल

## सीर्दिबास, गोरखा

"हिमाली क्षेत्रमा बन्ने घरको लागी छुट्टै मापदण्ड र नक्सा आउँदैछ भन्ने हल्ला छ।"



## सलाङ, धादिङ

"घर बनाउनका लागि नमूना घरहरूको डिजाइन आएको छ रे। त्यो हामीले कहिले देख्न पाउने हो ? हाम्रो यस्तो भिरपाखा भएको जमिनमा घर बन्छ कि बन्दैन ?"

## गोरखा बजार, गोरखा

"घर बनाउन प्रत्येक घरको लागि एक जना इन्जिनियर घरवालाले छनोट गरेर राख्नु पर्छ रे। उक्त इन्जिनियरको ग्यारेन्टी गरे पछि मात्र घर पास हुन्छ भन्ने हल्ला छ।"

# जवाफ

शहरी विकास तथा भवन निर्माण विभागले ग्रामिण क्षेत्रको घरको नमूनाको प्रतिलिपि गाउँ विकास समिति (गाविस) मा पठाउन शुरु गरिसकेको छ। यस अघि माघ २ गते भित्र सबै गाविसहरुमा प्रतिलिपि पठाइसक्ने भनिए पनि केहि गाविसमा मात्रै पुगेको र बाँकीमा छिट्टै पुग्ने जानकारी दिइएको छ।

इन्टरनेटको सुविधा भएका ठाउँमा विभागको वेबसाइट ( www.dudbc.gov.np ) मा नेपाली र अंग्रेजी दुवै भाषामा घरको नमूना हेर्न सकिन्छ।

अहिले बनाइएको नक्सा देशभरिका ग्रामिण क्षेत्रका घरका लागि हो। सरकारले हिमाली क्षेत्रको लागि भनेर छुट्टै मापदण्ड र नक्सा बनाएको छैन।

नमूना अनुसार घर बनाउँदा २० प्रतिशत भन्दा कम भिरालो जग्गामा घर बनाउनु पर्छ। जग्गाको भिरालोपना कति छ भनेर इन्जिनियरले यकिन गर्न सक्छन्। सामान्यतया, गाउँघरमा परम्परागत तरिकाले बनाइने छानोको भिरालोपना २० प्रतिशत जतिको हुन्छ।

बीस प्रतिशत भन्दा बढि भिरालो भएमा जग्गा खनेर सम्याउनु पर्छ, माटोले पुरेर होइन।

घरधनीले घरको नक्सा पास वा घर बनाउन आँफै इन्जिनियर छनौट गर्नुपर्दैन।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भूकम्प प्रतिरोधात्मक घर बनाउन मद्दत गर्न र निर्माण प्रकृयाको निरीक्षण गर्न वैशाख १२ बाट प्रत्येक गाविसमा प्राविधिक सहायता टोलीको व्यवस्था गर्ने योजना बनाएको छ।

प्राविधिक सहायता टोलीमा एक जना इन्जिनियर, एक जना सामाजिक परिचालक र एक जना तालिम प्राप्त निर्माणकर्मी हुनेछन्।

**प्रतिज्ञा मानन्धर**
आर्किटेक्ट इन्जिनियर
आवास सेक्सन
शहरी विकास तथा
भवन निर्माण विभाग
९८४१२४९५५५

**सुरेश कुमार वाग्ले**
वरिष्ठ डिभिजनल इन्जिनियर
शहरी विकास तथा
भवन निर्माण विभाग
९८४३०७४२५१

# सवाल

## बोर्लाङ, गोरखा

"भूकम्प पिडितहरूलाई घर बनाउँदा चाहिने काठ नजिकैको वनबाट काट्न छुट दिइन्छ रे भन्ने हल्ला छ।"



# जवाफ

वन ऐन तथा त्यस अन्तर्गत सामुदायिक वनका प्रावधान अनुसार कसैले पनि जथाभावी रुख काट्न पाउँदैनन्। सरकार वा सामुदायिक वन उपभोक्ता समूहको अनुमतिमा मात्र रुखहरू काट्न पाइन्छ।

भूकम्प पिडित परिवारका लागि गोरखामा सामुदायिक वन उपभोक्ता समूहले शुल्क लिएर पहिलेको भन्दा रुख काट्न छुट दिएका छन्। यसको मतलव परिवारले मनलागी रुख काट्न पाउने भन्ने होइन। थप जानकारीका लागि आफ्नो सामुदायिक वन उपभोक्ता समूहमा सम्पर्क राख्नुहोस्।

सरकारले घर पुनर्निर्माणका लागि राष्ट्रिय वनको रुख काट्न पाउने प्रावधान ल्याएको छैन।

वन फडानि रोक्न घर बनाउँदा परिवारले सकेसम्म भूकम्पले भत्किएका घरको नकुहिएका काठको प्रयोग गर्नुपर्छ। राष्ट्रिय वन र सामूदायिक वनलाई सकेसम्म भार पार्न हुँदैन। सरकारले भत्किएका घरको काठ एक प्रशासनिक इकाईबाट अर्कोमा लैजान छुट दिएको छ।


जिवनाथ पौडेल
जिल्ला वन अधिकृत
गोरखा
९८५६०५०५५७

बलराम ढकाल
घाटबेसी सामुदायिक वन
गोरखा
९८४१५५८१७१

# सवाल

## मेचछेगाउँ, काभ्रेपलाञ्चोक

“नगरपालिकामा मापदण्ड नपुऱ्याई बनाएका घर अब भत्काउने भन्ने हल्ला छ।”



# जवाफ

नगरपालिकामा घर बनाउँदा प्रत्येक घरधनीले अनिवार्य रुपमा घरको नक्सा स्वीकृत गराउनुपर्दछ र घर निर्माणको समयमा भवन निर्माण संहिताको पालना गर्नुपर्दछ।

घरधनीले भवन निर्माण संहिता उल्लंघन गरेमा नगरपालिका परिषद्को निर्णयमा नगरपालिका कार्यालयले उक्त घर भत्काउन सक्छ। त्यो भत्काउँदा लाग्ने शुल्क भने घरधनी आँफैले व्यहोर्नुपर्दछ।

काभ्रेपलाञ्चोकका नगरपालिकाहरूमा मापदण्ड नपुऱ्याई बनाइएका घरहरु भत्काउने तात्कालिक योजना नभएको जानकारी दिइएको छ।

भर्खरै मात्र घोषणा गरिएका पाँचखाल जस्ता नयाँ नगरपालिकामा पुराना घरहरु माथि भवन संहिता लागु गर्न गाह्रो हुन्छ। नगरपालिका घोषित गर्नु अघि पाँचखालका धेरैजसो घरहरु परम्परागत शैलीमा बनाइएका थिए।

यदि घरको नक्सा स्वीकृत गराई र भवन निर्माण संहिता पालना गरी घर बनाएको हो भने घर भत्काइन्छ भनेर डराउनुपर्दैन।

**वासु भेटवाल**
कार्यकारी अधिकृत
पाचखाल नगरपालिका
०११-४९९३८८

**रामदत्त पाण्डे**
सह प्रवक्ता
संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय
९८४१५५४१२१

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरु र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन्। पौष ३० गतेदेखि माघ ६ गतेसम्म ६ जिल्लाका करिव २६४ जना स्थानीयबासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरु छनोट गरिएका छन्। यो अंकमा समेटिएमा जानकारी बुलेटिन प्रकाशित भएको मितिसम्म सत्य छन्।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरू

accountabilitylab    Local Interventions Group data-driven development    Internews